# विपद् व्यवस्थापनमा परिचालन गर्न मिल्ने गरी संस्थागत रुपमै स्वयंसेवक ब्यूरो बन्ने

विपद्को जोखिम न्यूनीकरण र प्रतिकार्यमा संस्थागत रुपमै स्वयंसेवक परिचालन हुने भएको छ ।

यही माघ १४ गतेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले 'विपद् व्यवस्थापन स्वयंसेवक ब्यूरो गठन तथा परिचालन कार्यविधि, २०७८' पारित गरेसँगै स्वयंसेवक परिचालन गर्ने बाटो खुलेको हो ।



प्राकृतिक र गैरप्राकृतिक प्रकोपजन्य विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्वयंसेवकहरुको संस्थागत विकास एवं परिचालन गरी विपद् व्यवस्थापनको प्रभावकारिता अभिबृद्धि गर्नु ब्यूरो गठनको मुख्य उद्देश्य रहेको कार्यविधिमा उल्लेख छ । कार्यविधिले वडा स्तरसम्मको व्यूरो संरचनाको परिकल्पना गरेको छ । हुन त यस अघि पनि विपद्का घटना हुनासाथ तत्काल स्थानीय व्यक्तिहरु स्वस्फूर्त रुपमा उद्धार कार्यमा सहभागी हुँदै आएका थिए । यही कामलाई थप व्यवस्थित र मर्यादित बनाउने र प्रणालीभित्र ल्याउन खोजिएको प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले बताउनुभयो । वडास्तरसम्म यस किसिमका व्यूरो बनेपछि उद्धार र प्रतिकार्य थप प्रभावकारी हुने प्राधिकरणको विश्वास छ ।

यसैगरी बैठकले कार्यकारी समितिमा पेश गरिने प्रस्तावको ढाँचा स्वीकृत गर्नुका साथै Disaster Risk Financing Action Plan, २०७८, मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ संशोधन २०७८, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रथम वार्षिक प्रतिवेदन पनि पारित गरेको छ ।



बैठकमा आफ्ना धारणा राख्दै माननीय गृहमन्त्री बालकृष्ण खाँणले विपद्को प्रभाव बढ्दो क्रममा रहेकाले न्यूनीकरणका लागि सबै गम्भिर हुनुपर्नेमा जोड दिनुभयो । विपदबाट नागरिकको जीवन सुरक्षा गर्नु राज्यको दायित्व भएपनि पछिल्लो समय जलवायू परिवर्तनका कारण नयाँ नयाँ किसिमका विपद् थपिदै गएकाले चुनौती सिर्जना भएको उहाँको भनाई थियो । तत्कालिन र दिर्घकालिन कार्यक्रमहरु बनाएर मात्र यस्ता चुनौतीको सामना गर्न सकिने भन्दै मन्त्री खाँणले कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्दा त्यो दिर्घकालिन रुपमा सुरक्षित छ कि छैन भनेर हेर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

यसैगरी संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री माननीय राजेन्द्रप्रसाद श्रेष्ठले विपद्पछिको उद्धार र राहत भन्दा विपद् आएपनि क्षति हुनै नदिने तर्फ प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । यसका लागि पूर्वसूचना प्रणालीलाई प्रभावकारी र अत्याधुनिक बनाउनुपर्ने उहाँको सुझाव थियो ।

बैठकमा शहरी विकासमन्त्री माननीय रामकुमारी झाक्रीले विपद्पछिको पुनर्निर्माणमा स्पष्ट धारणाका साथ काम गर्नुपर्ने सुझाव दिनुभयो । विपद् प्रभावितलाई जग्गा दिदै जाने हो भने जमिन खण्डीकरण भई भविष्यमा ठूलो समस्या आउने भन्दै उहाँले एकीकृत बस्ती बिकासमा जोड दिनुपर्ने बताउनुभयो । विपद् व्यवस्थापनको पहिलो काम स्थानीय पालिकाकै हुने हुनाले उनीहरुलाई सहभागी गराएर छलफल

चलाउनुपर्ने उहाँको धारणा थियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उठाएका एजेण्डालाई राज्यका सबै निकायले गम्भिर भएर कार्यान्वयन गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।यसैगरी मुख्यसचिव शंकरदास बैरागीले विपद्जन्य घटनाबाट हुनसक्ने जोखिम न्यूनीकरणका लागि राज्यका निकाय, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले विपद्ले मानवीयसँगै कृषि उत्पादनमा जोखिम गराउने हुँदा सबै सुचकाङ्कलाई मध्यनजर गरी योजना निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले विपद्को जोखिमलाई अति संवेदनशील रुपमा लिई प्राथमिकताका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो । तत्कालिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले चैत्र २६ गतेसम्म पुनर्निर्माणको म्याद रहेकाले छिटो कार्यविधिको टुङ्गो लगाएर बाँकि काम अघि बढाउन आग्रह गर्नुभयो ।



बैठकका एजेण्डा प्रस्तुत गर्दै प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले प्राधिकरणले विपदको जोखिम न्यूनीकरणका लागि आवश्यक नीति निर्माणदेखि उद्धार र राहतका लागि विपद्का क्षेत्रमा काम गर्ने सबैसँगको सहकार्यमा काम गरिरहेको जानकारी गराउनुभएको थियो ।

मिति: १४ माघ २०७८